बैठक नं. ३६

आज मिति २०७५/०९/२७ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | — |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिमं बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | – |
| २४ | माया देवी वराल (बिश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | बिष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | राजेन्द्र सिग्देल | नि. प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं.३६.१

बुटवल उप-महानगरपालिकाबाट सम्पादन हुने कार्यलाई अनुगमन तथा मूल्यांकन गर्ने सम्बन्धी विधेयक,-२०७५ सम्बन्धमा ।

निर्णय नं.३६.१

आजको बैठकमा प्रस्तुत हुन आएको बुटवल उप-महानगरपालिकाबाट सम्पादन हुने कार्यलाई अनुगमन तथा मूल्यांकन गर्ने सम्बन्धी विधेयक,२०७५ माथि दफावार छलफल गरियो । छलफलमा उठेका विषयलाई सम्बन्धित दफा, उपदफाहरुमा समावेश गरी मिति २०७५/०९/२९ गते दिनको ११.०० बजे वस्ने चौथो नगरसभाको दोस्रो वैठकमा उल्लेखित विधेयक,२०७५ प्रस्तावको रुपमा लैजाने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.३६.२

बुटवल उप-महानगरपालिकाको आ.व.०७४/०७५ को महालेखापरीक्षकवाट प्राप्त प्रतिवेदन सम्बन्धमा ।

निर्णय नं.३६.२

यस बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको आ.व.२०७३/०७४ सम्मको बेरुजु सम्परीक्षणभई फछ्र्योट भएको व्यहोरा आजको बैठकमा जानकारी भयो । आ.व.२०७४/०७५ को म.ले.प.बाट परीक्षण गरी प्राप्त हुन आएको प्रारम्भिक प्रतिवेदन लेखा समितिको मिति २०७५/०९/२४ गतेको बैठकमा पेश भई भएको निर्णय सिफारिस अनुसार असुल उपर गर्नुपर्ने र प्रमाण पेश गरी नियमित गर्नुपर्ने विषयका सम्बन्धमा सोही बमोजिम कार्यान्वयन गर्न नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने र नियमित गर्नुपर्ने दफा १६,२५,२९ र ३२ का सम्बन्धमा आवश्यक निर्णयका लागि चौथो नगर सभाको बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.३६.३

प्रादेशिक वसपार्क सम्बन्धमा ।

निर्णय नं.३६.३

मिति २०७५/०८/२८ मा वसेको बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको वैठकको निर्णय नं.३३.११.१ मा प्रादेशिक वसपार्कको लागि प्रस्तावित जग्गाको सम्बन्धमा देहायको चारकिल्ला र ज.वि.हुनुपर्नेमा अन्यथा भएकोले संशोधन गर्ने निर्णय गरियो ।

पूर्वः-शिवनगर सामूदायिक वन ।

पश्चिमः-सुखौरा खोला/शिवनगर सामूदायिक वनको कार्यालय ।

उत्तरः-शिवनगर देखि चरङ्गे जाने कच्चि वाटो ।

दक्षिणः- पूर्व पश्चिम लोकमार्ग ।

ज.वि.:-२०-०-० विस विगाह ।

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदै प्रमुखज्यूवाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।